# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या ४, मिति: २०७६/०६/०१

## भाग–२

## पूर्व तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७६

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

प्रदेश नं. ३, नेपाल

# पूर्व तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७६

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०२।०३

प्रमाणीकरण मिति २०७६।०६।०१

नेपालभित्र र वाहिर संचालित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि पूर्व तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी कक्षा संचालन गर्ने संस्थाहरुको अनुमति, अनुगमन र नियमन गर्न आवश्यक भएकाले भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम "पूर्व तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "नगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्दछ।

ख) "ऐन" भन्नाले भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले भरतपुर महानगरपालिका प्रमुखलाई सम्झनुपर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

ङ) "महाशाखा" भन्नाले भरतपुर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा सम्झनुपर्दछ।

च) "पूर्व तयारी कक्षा" भन्नाले कक्षा ११, डिप्लोमा, स्नातक, स्नातकोत्तर कक्षामा भर्ना हुनु पूर्व अध्यापन गराइने कक्षा, TOEFL, IELTS, SAT, GRE, JLPT, GMAT लगायतका परीक्षाको तयारी कक्षा र लोक सेवा आयोग, शिक्षक सेवा आयोग लगायत सरकारी वा स्थानीय सेवाको पाठ्यक्रम अनुरुप अध्यापन गराइने तयारी कक्षा सम्झनुपर्छ।

छ) "ट्युसन/ कोचिङ्ग सेन्टर" भन्नाले प्रचलित कानुनबमोजिम स्वीकृत पाठ्यक्रमअनुसार शिक्षण संस्थाबाहिर सञ्चालन गर्ने कक्षा सम्झनुपर्छ।

2. **अनुमति लिनुपर्नेः**

(१) भरतपुर महानगरपालिकाभित्र पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा, ट्युसन/कोचिङ्ग सेन्टर सञ्चालन गर्न चाहने संस्थाले नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

(२) अनुमतिका लागि निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ।

(३) उपदफा १ बमोजिम निवेदन परेमा महाशाखाले आवश्यक जाँचबुझ गर्नेछ। जाँचबुझ गर्दा निवेदन दिने संस्थाको माग उपयुक्त पाइएमा माग गरेबमोजिम पूर्व तयारी कक्षा वा भाषा शिक्षण वा ट्युसन/कोचिङ्ग सेन्टर कक्षा सञ्चालन गर्ने संस्थाको रुपमा अनुमति दिनेछ।

३. **संस्थाले पालना गर्नुपर्ने शर्तहरुः**

क) संस्थाको छुट्टै कार्यालय र साइन बोर्ड हुनुपर्ने

ख) कार्यालय र कक्षा सञ्चालन स्थल एकै कम्पाउण्डमा हुनुपर्ने र फरक कम्पाउण्डमा कक्षा सञ्चालन गर्नुपर्ने भएमा नगरपालिकाको पूर्व सहमति लिनुपर्ने

ग) संस्थाले शाखा खोल्न नपाउने

घ) योग्यता पुगेका आधिकारिक व्यक्तिहरुबाट मात्र पूर्व तयारी कक्षा तथा भाषा प्रशिक्षण कक्षा सञ्चालन गर्नुपर्ने

ङ) प्रशिक्षकहरु विदेशी नागरिक भएमा नेपाल सरकारको स्वीकृत पत्र सहितको जानकारी नगरपालिकालाई गराउनु पर्ने

च) विद्यार्थी संख्याको आधारमा भौतिक पूर्वाधार, पुस्तकालय र शिक्षण सामग्री व्यवस्था हुनुपर्ने

छ) तोकिएको शुल्क मात्र लिनुपर्ने

४. **अनुगमनः**

१) भाषा प्रशिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने संस्थाको पूर्वाधार, विद्यार्थीसँग लिने शुल्क र प्रदान गरेको सेवा सुविधाको सम्बन्धमा अनुगमन गर्न देहायबमोजिम अनुगमन समिति रहनेछ।

क) महाशाखा प्रमुख-संयोजक

ख) सम्बन्धित वडा अध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत-सदस्य

२) अनुगमन समितिले संस्थाको अनुगमन गरी आवश्यक प्रतिवेदन नगरपालिकामा पेस गर्नेछ।

३) अनुगमन समितले देहायको विषयमा अनुगमन गर्नेछ।

क) संस्थाको प्रगतिको अवस्था

ख) संस्थाले प्रदान गर्ने सेवाको स्तर

ग) शुल्क विवरण

घ) सेवाको प्रकृति

ङ) पारदर्शिताको अवस्था

च) कार्यालयको नियमितता

छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्ष

ज) संस्थाको कार्यकुशलता

झ) संस्थाको लेखा व्यवस्था र लेखापरीक्षण

ञ) संस्था नवीकरण र कर चुक्ता

ट) भैतिक अवस्था

ठ) शिक्षक तथा प्रशिक्षक र संचालकको योग्यता

ड) समितिले अवश्यक ठानेका अन्य विषय

५. **प्रचार प्रसारका शर्तहरुः** संस्थाले आफ्नो सेवासम्बन्धी प्रचारप्रसार गर्दा देहायबमोजिमका शर्तहरू पालना गर्नुपर्नेछ।

क) प्रचार सामाग्रीमा संस्थाको दर्ता नम्बर, अनुमति नम्बर र सम्पर्क ठेगाना स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

ख) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहिन कुरा राखी प्रचारप्रसार गर्न नहुने

ग) नगरपालिकाले तोकेको राजश्व तिरेर मात्र होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री राख्न पाइने

घ) अनावश्यक ध्वनी प्रदुषण हुने र सामाजिक विचलन हुने प्रकृतिको विज्ञापन गर्न नहुने

ङ) सार्वजनिक यातायातका साधनमा प्रचार प्रसारका सामग्री राख्न नपाइने

च) कुनै पनि शैक्षिक संस्थाको हाताभित्र वाहिर कुनै पनि समयमा र कुनै प्रकारले प्रचार सामग्री वाँड्न, छर्न वा वितरण गर्न नपाइने

६. **विद्यार्थीले पालना गर्नुपर्ने कुराहरु:**

(१) विद्यार्थीहरुले पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरु पालना गर्नुपर्नेछ।

क) आफूले पूर्व तयारी कक्षा वा भाषा शिक्षण लिन चाहेको संस्थाको वैद्यानिकता सुनिश्चित गर्नुपर्ने

ख) पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षकको योग्यताको बारेमा सुनिश्चित हुनुपर्ने

ग) आफ्ना प्रमाणपत्रहरु तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरु पेस गर्नुपर्ने

घ) परिचय पत्र बनाएर मात्र त्यस्ता शिक्षण संस्थामा अध्ययन गर्ने

ङ) शुल्क तिरेको रसिद अनिवार्य रूपमा लिने

७. **प्रशिक्षकको योग्यता:** पूर्व तयारी कक्षा वा ट्यूसन वा कोचिङ्ग कक्षा वा भाषा शिक्षण गर्ने भाषा प्रशिक्षकको न्यूनतम योग्यता देहायबमोजिम हुनेछ:

च) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तीमा एक वर्षको कोर्स पूरा गरेको,

छ) TOEFL, IELTS, SAT, JLPT लगायतका परीक्षाको पूर्व तयारी कक्षा अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ५० प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

ज) GRE, GMAT अध्यापनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित अध्यापन गर्ने विषयमा न्यूनतम 75% प्राप्ताङ्क प्राप्त गरेको।

८. **धरौटी राख्नुपर्ने:**

क) संस्थाले अनुमति लिनु पूर्व 'क' वर्गको वाणिज्य बैंकमा रु. एक लाख सुरक्षण धरौटी राख्नु पर्नेछ।

ख) धरौटी रकम नगरपालिकाको अधिकृत प्रतिनिधि र संस्थाको प्रतिनिधिको संयुक्त दस्तखतबाट संचालन हुने गरी राखिनेछ।

ग) धरौटी रकमबाट प्राप्त ब्याज संस्थाले प्रयोग गर्नेछ।

घ) संस्था सञ्चालनमा रहँदासम्म धरौटी रकम झिक्न पाइने छैन।

ङ) संस्थाको अनुमति रद्द भएमा धरौटी रकमबाट बाँकी तिर्नुपर्ने रकम तिरी बाँकी रकम संस्थापकलाई फिर्ता गरिनेछ।

९. **अनुमति, निलम्वन र खारेजी:**

१) पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायको अवस्थामा निलम्वन हुनेछः

क) दफा ४ र ६ बमोजिमका शर्तहरु बढी ३ पटकसम्म उल्लङ्घन गरेको पाइएमा,

ख) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शुल्कभन्दा बढी लिएको पाइएमा

ग) नगरपालिकाको नीति निर्देशन पालना नगरेमा

२) पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायको अवस्थामा रद्ध हुनेछः

क) सम्बन्धित संस्थाले अनुमति रद्द गरी पाउँ भनी निवेदन दिएमा,

ख) संस्थाले झुट्टा एवम् बदनियतपूर्ण तवरबाट गलत ढङ्गले सेवा प्रदान गरेको प्रमाणित भएमा

ग) संस्थाको कम्पनी दर्ता खारेज भएमा,

घ) संस्था सञ्चालन गर्ने मातृ संस्था विघटन भएमा,

ङ संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्विडेशन भएको प्रमाणित भएमा.

१०. **समन्वय समितिः**

१) संस्था संचालनमा कुनै समस्या आएमा नगरपालिकाले सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक निर्णय गर्नेछ।

(२) समन्वय समिति देहायबमोजिम हुनेछ

क. प्रमुख प्रशासकीय अधिकृतः अध्यक्ष

ख. संयोजक, शिक्षा उपसमितिः सदस्य

ग. शैक्षिक प्रशासन महाशाखा प्रमुखः सदस्य

घ. संस्थाका संचालकहरूमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जनाः सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृतलो तोकेको अधिकृतः सदस्य सचिव

११. **प्रतिवेदन पेस गर्नुपर्नेः** संस्थाले हरेक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र निम्नलिखित विवरण सहितको प्रतिवेदन महाशाखामा पेस गर्नुपर्नेछ।

क) संस्था नवीकरणको प्रतिलिपि

ख) लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

ग) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

घ) नगरपालिकामा व्यवसाय कर बुझाएको रसिदको प्रतिलिपि

**१२. शुल्क निर्धारण:**

१) संस्थाले विद्यार्थीसँग लिने शुल्कको विवरण नगरपालिकामा पेस गर्नुपर्नेछ।

२) संस्थाले पेस गरेको शुल्क प्रस्ताब विश्लेषण गरी दफा ११ (२) बमोजिमको समितिले संस्थाले लिन पाउने शुल्कको दर तोक्नेछ।

३) संस्थाले भर्ना शुल्क र मासिक शुल्क मात्र लिन पाउनेछ।

**१३. स्थानान्तरण सम्बन्धी व्यवस्था:**

१) संस्थाले जुन ठाँउमा सञ्चालन गर्न अनुमति लिएको हो सोही ठाउँमा सञ्चालन गर्नुपर्नेछ।

२) संस्था एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्नु पर्ने अबस्था भएमा नगरपालिकाको अनुमति लिनु पर्नेछ।

**१४. आय व्यय र लेखापरीक्षण:**

१) संस्थाको आय- व्ययको विवरण प्रचलित नेपाल कानून बमोजिम राख्नु पर्नेछ।

२) संस्थाले प्रत्येक आ.व. को लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट गराउनु पर्नेछ।

**१५. जरिवाना:**

१) अनुमति बेगर कसैले संस्था सञ्चालन गरेमा वा तोकिएको कार्य नगरेमा वा यस निर्देशिका विपरीत कार्य गरेमा दफा ११ (२) बमोजिमको समितिको सिफारिशमा नगर शिक्षा समितिले रू. दशहजारदेखि रू. एकलाखसम्म जरिवाना गरी गैरकानुनी रूपमा सञ्चालित संस्था बन्द गराउनेछ।

**१६. दर्ता शुल्क:**

१) संस्था दर्ता गर्दा देहायवमोजिम दर्ता शुल्क लाग्नेछ।

क) अनुमति माग शुल्क रू. १०००|-

ख) अनुमति प्राप्त गर्दाको शुल्क रू. ५०००|-

२) यस अघि अन्य निकायबाट अनुमति/स्वीकृति प्राप्त गरी संचालित संस्थाले यो कार्यविधि लागू भएपछि छ महिनाभित्र नगरपालिकामा अनुमति लिन आएमा उपदफा (१) (ख) वमोजिमको शुल्क लाग्ने छैन।

**१७. निर्देशन दिन सक्ने:**

१) महानगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१८. पुनः अनुमति लिनुपर्ने:**

१) यस निर्देशिका जारी हुनुपूर्व प्रचलित कानूनबमोजिम अनुमति/स्वीकृति लिई नगरपालिकाभित्र सञ्चालित संस्थाले यो निर्देशिका बमोजिम छ महिनाभित्र सेवा सञ्चालनका लागि अनुमति लिनुपर्नेछ।

२) यसरी अनुमति नलिने संस्थाले यो निर्देशिका जारी भएको छ महिनापछि सेवा सञ्चालन गर्न पाउने छैन।

**१९. यस निर्देशिका बमोजिम हुने:** यस निर्देशिकामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**२०. निर्देशिकाको व्याख्या:** यो निर्देशिकाको व्याख्या नगर कार्यपालिकाले गरेबमोजिम हुनेछ।

## अनुसूची -१

अनुमति पत्रको लागि दिइने निवेदन

मितिः

श्री भरतपुर महानगरपालिका,
भरतपुर, चितवन ।

विषयः पूर्व तयारी कक्षा /भाषा शिक्षण गर्ने संस्था, ट्युसन/ कोचिङ्ग सेन्टर सञ्चालन गर्न अनुमति पत्र पाउँ।

महोदय,

मिति........................ मा............................ नामको फर्म/कम्पनी.................. .................................. मा पूर्व तयारी कक्षा, भाषा शिक्षण कार्य प्रदान गर्ने ट्युसन/ कोचिङ्ग सेन्टर संचालन गर्ने उद्देश्य राखी दर्ता भएकाले / पूर्व तयारी कक्षा / भाषा शिक्षण सञ्चालन गर्ने अनुमति लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

निवेदकको

नाम थरः

ठेगानाः

सम्पर्क टेलिफोनः

## अनुसूची ३

निवेदन साथ पेस गर्नुपर्ने कागजातह

(क) फर्म वा कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(ख) सञ्चालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ग) स्थायी लेखा प्रमाण पत्र (PAN) को प्रतिलिपि

(घ) कम्तीमा 2 वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि

(ङ) संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया, लागत समेत खुलाईएको विवरण

(च) भाषा वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरुलाई योग्यता खुलेको प्रमाणपत्रहरुको प्रतिलिपि सहितको विवरण

(छ) नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण-पत्र

(ज) प्रस्तावित शुल्क विवरण

(झ) सम्बन्धित वडाको सिफारिस पत्र

## अनुसूची –३

### अनुमति –पत्र

विषयः अनुमति प्रदान गरिएको सम्बन्धमा।

श्री ..........................

..................................

त्यस ............................ संस्थाले मिति...................... मा दिएको निवेदन उपर कारवाही हुँदा पूर्व तयारी कक्षा /भाषा शिक्षण गर्ने संस्था ट्युसन/कोचिङ्ग सेन्टर संचालन गर्न पाउने गरी अनुमति दिने भनी मिति....................... मा निर्णय भएको हुँदा यो अनुमति-पत्र जारी गरिएको छ।

................................

शैक्षिक प्रशासन महाशाखा

मितिः

नोटः प्रत्येक आ.व. समाप्त भएको छ महिनाभित्र लेखा परीक्षण प्रतिवेदन व्यवसाय नवीकरण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहितको प्रगति विवरण महाशाखामा पेस गर्नुपर्नेछ।

आज्ञाले,

नेत्र प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत